पोखरा उपत्यका साइडसिन घुम्न जाऔं
घुमाउने ठाउँहरू
बेगनास-रुपा ताल, पचभैया बन्यजन्तु पार्क (चिडिया घर), पुम्दीकोट, स्तुपा, डेभिडफल, भ्यूटावर, चमेरे गुफा, विन्दवासिनी मन्दिर, माउन्टेन म्यूजियम लगायतका ठाउँहरु साथै मुक्तिनाथ जान आउनको लागि बसको सुबिधा।
गाडी छुट्ने समय बिहान ९:३० बजे
सम्पर्कः मानसरोबर टुर्स एण्ड ट्राभल्स
061-544439, 589012, 9856051659
9856034631, 9856082622

राष्ट्रिय दैनिक
# पोखरापत्र
Pokharapatra National Daily

रु. १.५ मा
कलर भिजिटिङ कार्ड
साथै
तुरुन्त क्यालेण्डर पुस्तक, स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्कः
०६१-५७०६५१, ९८५६०७५५७५

❑ वर्ष २६ ❑ अङ्क ४० ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०८१ फागुन १० गते शनिबार ❑ 22 Feb. 2024 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५।-

## हामी सरकारमा होइन जनतामै जान्छौं: अध्यक्ष प्रचण्ड

**पोखरापत्र संवाददाता**
पोखरा, ९ फागुन

नेकपा माओबादी (केन्द्र) का अध्यक्ष एवं पूर्व प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डले आफुहरु २०८४ अघि सरकारमा नजाने बताउनु भएको छ।

पोखराको काजिपोखरीमा शुक्रबार तमु राष्ट्रिय मुक्ति मोर्चा नेपालको प्रथम राष्ट्रिय भेलाको उद्घाटन गर्दै अध्यक्ष प्रचण्डले माओबादी ०८४ अघि सरकारमा नजाने तर जनतासंगै जाने बताउनु भएको हो । जनताको तागतमा शक्तिसहित ०८४ मा फेरी यो देशमा समाजबाद तर्फ डोर्‍याउने गरी बहुमतका साथ आउने उहाँको दाबी गर्नुभयो । उहाँले भन्नुभयो "हामी अहिले जनता सामु जादै गर्दा जनताले अहिले सरकारमा नजानु है भन्नु भएको छ, ९९ प्रतिशत जनताको भनाई आएको छ, ०८४ अघि सरकारमा नजानुहोस भन्नु भएको छ, जनताको मतलाई कदर गर्दै हामी ०८४ अघि सरकारमा अब जादैनौं, तपाँईहरु ढुंक्क हुनुहोस।"




नैतिक रुपमा सबै भन्दा शक्तिशालि पार्टी भएको दाबी गर्दै अध्यक्ष प्रचण्डले संविधानमा जनताका समेट्न सक्ने अधिकार समेटेको जनाउनुभयो।

प्रदेशको सङख्या ११ पुर्‍याउने र पहिचान सहितको प्रदेश सरकार गठन गर्न आफुहरुले चाहेको उहाँको भनाई थियो । यो देशमा संघिय लोकतान्त्रिक गणतन्त्र भई सके पछि प्रत्यक्ष निर्वाचन कार्यकारी राष्ट्रपती हुनु पर्ने अध्यक्ष प्रचण्डले जनाउनु भयो । जनसंख्याको अनुपातमा प्रत्यक्ष र पूर्ण समानुपातिक निर्वाचन प्रणालीले मात्रै सम्पूर्ण रुपमा जनतालाई अधिकार सम्पन्न गराउन सक्ने उहाँको भनाई थियो। प्रत्यक्ष निर्वाचन कार्यकारी राष्ट्रपती र पूर्ण समानुपातिक निर्वाचन प्रणाली भएमा मात्रै देशमा भ्रष्टचार रोक्न सकिने अध्यक्ष प्रचण्डले दाबी गर्नुभयो । यो देशमा स्थायित्व कायम गर्न सकिने जनतालाई समानता तर्फ डोर्‍याएर लैजान सकिने उहाँको तर्क थियो । यो नारा र मुद्धामा तमु मुक्ति मोर्चाका सदस्यहरुलाई उहाँले आग्रह गर्नुभयो । भ्रष्टचारीलाई बचाउन अहिलेको दुई ठुला शक्ति मिलेर सरकार बनेको उहाँको आरोप थियो । देशै भरी माओबादीको माहोल बन्दै आएको अध्यक्ष प्रचण्डको भनाई थियो । कार्यक्रममा माओबादी (केन्द्र) पार्टीका महासचिव देवप्रसाद गुरूङले नेपालको यथार्थ स्थितीमा माओबादी केन्द्रको विकल्प नभएको दाबी गर्दै सबै जाति, लिंग, क्षेत्र, बर्गको प्रतिनिधित्व गर्ने पार्टी भएको बताउनु भयो । समाजबादी क्रान्तिको विचार राख्ने माओबादी भएको बताउदै उहाँले पार्टी अध्यक्ष प्रचण्डको नेतृवमा जनबर्गीय संगठनहरु एकतावद्ध भई अघि बढ्न आग्रह गर्नु भयो।

मोर्चाका अध्यक्ष बखानसिह तमुको अध्यक्षतामा सम्पन्न भएको कार्यक्रममा पूर्व सभामुख माओबादी नेतृ अन्सरी घर्तीमगर, पाटी गण्डकीका अध्यक्ष गायत्री गुरूङ (कुशुम), उत्पिडन र पहिचान सहितको संघियता प्राप्तीको लागि सुरु भएको फागुन १ गतेको जनयुद्ध दिवसलाई सधै स्मरण गर्न राष्ट्रिय विदा हुनुपर्नेमा जोड दिनुभयो । उक्त कार्यक्रममा विभिन्न पार्टीका नेताहरु माओबादी केन्द्रमा प्रबेश समेत गरेको युवा नेता शरदचन्द्र बरालले बताउनु भयो।

## 'नेपाल लिटरेचर फेस्टिभल २०२५' यही फागुन १५ देखि पोखरामा हुने

**पोखरापत्र संवाददाता**
पोखरा, ९ फागुन

एनसेल फाउन्डेसन 'नेपाल लिटरेचर फेस्टिभल २०२५' यही फागुन १५ देखि पोखरामा आयोजना हुने भएको छ।

बुकवर्म फाउन्डेसन को आयोजनामा यही फागुन १८ गतेसम्म संचालन हुने बाह्रौं संस्करणको उक्त फेस्टिभलमा शब्दहरूको उत्सव, स्रष्टाहरूको महोत्सव, विविध विषय र विचारमा छलफल हुने भएको शुक्रबार पोखराको फिस्टेल लजमा आयोजित पत्रकार भेटघाट कार्यक्रममा जानकारी गराईएको हो।

पोखराको लेकसाइड स्थित बाराहीघाटमा हुने उक्त फेष्टिभलमा देश-विदेशका साहित्यानुरागीको जमघट हुने भएको आयोजक मध्यका एक केशवशरण लामिछानेले बताउनु भयो। साहित्य र नेपाल लिटरेचर फेस्टिभलको महत्त्वबारे चर्चा गर्दै उहाँले साहित्यले सामाजिक न्यायको क्षेत्रमा, मूल्य र मान्यता भत्काउने र निर्माण गर्ने काममा सघन भूमिका खेलेको बताउनु भयो। सन् २०११ देखि नेपाल लिटरेचर फेस्टिभल आयोजना हुन थालेपछि नेपालमा वार्षिक रूपमा दर्जनौं साहित्यिक महोत्सव हुन थालेको फेस्टिभलका निर्देशक अजित बरालले बताउनुभयो । यही फागुनमा मात्र नेपालमा सात ओटा साहित्यिक महोत्सव हुने उहाँले जनाउनु भयो। यस पटक फेस्टिभलमा देश-विदेशका दुई




सयभन्दा बढी साहित्यकार, राजनीतिज्ञ, लेखक, कलाकार, पत्रकार, सम्पादक एवम् विशिष्ट व्यक्तित्वहरूको उपस्थिति रहने भएको छ। त्यस्तै ५० भन्दा बढी छलफल सत्र, अन्तर्क्रियात्मक कार्यक्रम, साङ्गीतिक प्रस्तुति र अन्य रचनात्मक कार्यक्रम पनि समावेश गरिएको लामिछानेले जनाउनु भयो।

फेस्टिभलका अर्का एक सदस्य भरत कोइरालाले इभेन्टहरूको सहर पोखरामा बर्सेनि हुँदै आएको लिटरेचर फेस्टिभलले सहरको संस्कृति र सभ्यता निर्माण थप योगदान पुऱ्याएको विश्वास व्यक्त गर्नुभयो । साहित्यको 'कुम्भमेला' को रुपमा लिइएको उक्त फेष्टिभलको औपचारिक उद्घाटन भने नेपाल सरकारका सूचना सञ्चार तथा प्रविधि मन्त्री पृथ्वीसुब्बा गुरुङले गर्नुहुने भएको आयोजकले जनाएको छ।

यस पटक प्राध्यापक तथा अर्थशास्त्री महेन्द्र पी लामाको विद्वत्प्रवचनसँगै फेस्टिभल सुरु हुने तयारी गरिएको छ । उहाँ इन्दिरा गान्धी ओपेन यूनिभर्सिटी (आईजीएओयू) को प्रो-उपकुलपति र भारतको सिक्किम विश्वविद्यालयका संस्थापक उपकुलपति समेत हुनुहुन्छ। फेस्टिभलमा ६ वर्षीया भूमिलक्ष्मी पराजुलीदेखि ८९ वर्षीय मोहनविक्रम सिंहसम्मको पुस्तकको चर्चा हुने भएको छ। विद्वत् प्रवचन लगत्तै अध्यात्म र सङ्घर्षमाथि मनीषा कोइराला र विजय कुमारको विशेष संवाद आकर्षणको केन्द्र बन्ने बुकवर्म फाउन्डेसनको विश्वास छ । यसैगरी नेपाली सिनेमाका महानायक राजेश हमालको पुस्तक 'युगदेखि युगसम्म'को आवरण तथा पुस्ताकांश लोकार्पण पनि विविध विशेष सत्रमध्ये एक हुने भएको छ । उद्यमी एव लेखक जीवा लामिछानेको बहुप्रतीक्षित पुस्तक 'अक्षत अन्टार्कटिका'को लोकार्पण पनि फेस्टिभलको आकर्षणको रुपमा रहने भएको छ । नेपाली क्रिकेटका पूर्व कप्तान पारस खड्का, साहित्यानुरागी बीच चर्चित

बाँकी अन्तिम पृष्ठमा ▶▶

## देश विकासको विषयमा नेतालाई गाली गरेर गलत भाष्य बनाइयो : महासचिव पोखरेल

**पोखरापत्र संवाददाता**
पोखरा, ९ फागुन

नेकपा (एमाले)का महासचिव शंकर पोखरेलले तथ्यभन्दा बाहिर गएर राजनीतिक दल र नेतालाई गाली गर्ने गलत काम भइरहेको बताएका छन्।

वडा केन्द्रित अभियानको सन्दर्भमा पार्टी कास्की जिल्ला कमिटीले शुक्रबार पोखरामा आयोजना गरेको अभिमुखीकरण कार्यक्रममा बोल्दै उनले देशको समस्या अस्थिर सरकार भएपनि तथ्य बाहिर गएर प्रचारबाजी भएको बताए । एउटै दलले बहुमत नपाउनु, साना दल धेरै हुनु, समीकरण फेरिइरहनु अस्थिर सरकारको कारण भएकोतर्फ महासचिव पोखरेलले इंगित गरे।

छिमेकी देश चीन र भारतमा स्थिर सरकार हुँदा विकासमा फड्को मारेको र नेपालको प्रमुख समस्या अस्थिरता रहेको महासचिव पोखरेलले जिकिर गरे। चीनमा सि जिनपिङ र भारतमा नरेन्द्र मोदीले लगातार सरकारको नेतृत्व गरेको प्रसङ्ग सुनाउँदै महासचिव पोखरेलले भने, 'यही सन्दर्भमा नेपालमा के भइरहेको छ तपाईं हामी सबैलाई थाहा छ । प्रधानमन्त्री फेरिइरहने, समीकरण फेरिइरहने, मन्त्री फेरिइरहने, प्रदेशमा मुख्यमन्त्री फेरिइरहने भएको छ । देश किन बनेन भन्नेमा यो




यथार्थबाट बाहिर गएर अनेक प्रकारका विवेचना गर्ने, नेताहरू काम लाग्दैनन्, पार्टीहरू काम लाग्दैनन् भन्ने जुन प्रकारको भाष्य निर्माण गर्न खोजिएको छ यसलाई तत्यसंगत विवेचना गरेर बुझ्नु-बुझाउनु पर्छ ।' माओवादीको सशस्त्र युद्धका कारण देशमा १० वर्षसम्म काम हुन नपाएको महासचिव पोखरेलको टिप्पणी थियो । गणतन्त्र स्थापना भएपछिको समयपछि काम गर्ने समयका रूपमा लिन सकिने उनको भनाइ थियो। 'यो समय पनि कस्तो समय रह्यो भनेर विवेचना गर्ने हो, छलफल गर्ने हो भने ठूला दलमाथि साना दलले शासन गर्ने समय बन्यो,' उनले भने, 'वास्तविक जनादेशको सरकार भनेको २०७४ देखि तीन वर्षको हो जुन केपी शर्मा ओलीले नेतृत्व गर्नुभयो।' वर्तमान समीकरणमा नेकपा (एमाले) इमान्दारिता साथ अघि बढेको महासचिव पोखरेलले सुनाए । सरकार र संसदलाई चलायमान बनाएर काम गरिरहेको महासचिव पोखरेलले जानकारी गराए । 'अहिले ६ वटा अध्यादेश ल्याएका छौं त्यो त्यसैको परिणाम हो । संसदमा विचाराधीन विधेयकलाई तीव्रताका साथ लैजान खोजेका छौं। समितिको परिणाम हो। दुई पार्टी नमिलेको भए यी काम गर्न सम्भव थिएन,' उनले भने।

२०७९ सालको पोखरा महानगरपालिकाको निवार्चनको नतिजालाई पाठको रूपमा लिएर एकढिक्का हुन कस्केली नेता/कार्यकर्तालाई निर्देशन दिए । पार्टी राजनीतिका आन्तरिक असन्तुष्टि आफै भित्र नियन्त्रण गरिनुपर्ने बताए । नेता/कार्यकर्ता एकजुट नहुँदा महानगरको मेयर हार्नुपर्ने परिस्थिति बनेको महासचिव पोखरेलको भनाइ थियो । 'हाम्रा मनहरू जोडिएको भए, हामी एकताबद्ध भएको भए महानगरको निर्वाचनमा मेयर हार्ने, उपमेयर जित्ने हुँदैनथ्यो होला । हाम्रा मनहरू जोडिएको भए वडामा सदस्य जित्ने, अध्यक्ष हार्ने हुँदैनथ्यो होला,' निर्वाचनको करिब ३ वर्षपछि उनले भने, 'नगर सभामा हामी बहुमतमा छौं । कार्यपालिकामा हामी अल्पमतमा छौं र आज कार्यपालिकाले हामीलाई नियन्त्रण गरिराखेको छ।' प्राविधिक कर्मचारी, स्वास्थ्यका कर्मचारी निकाल्ने काम भएको र पोखरामा काम हुन नसकेको भन्दै उनले हारबाट पाठ सिक्नुपर्ने बताए । अनेक समस्याबीच प्रदेश र प्रतिनिधिसभा निर्वाचनमा कास्कीले राम्रो नतिजा दिएको भन्दै महासचिव पोखरेलले खुसी व्यक्त गरे। 'स्थानीय चुनावमा भाँचिएका मनलाई आम चुनावमा एकताबद्ध बनाउने कोसिस गर्नुभयो। कति भयो थाहा छैन तर परिणामका हिसाबले राम्रै दियो भन्ने लाग्छ,' उनले भने, 'तर, पनि सबैका मन खुलस्त हुन सकेका छैनन्।' पार्टीभित्र एकताबद्ध नभए मिसन ०८४ को उद्देश्य पूरा हुन नसक्ने महासचिव पोखरेलले बताए । सरकार सञ्चालनमा सहकार्य भएपनि आगामी निर्वाचनमा अलग-अलग लड्ने उनले बताए। आगामी चुनाव एक्लै लड्ने विषय बुझेर तयारीमा जुट्न कास्कीका नेता-कार्यकर्तालाई महासचिव पोखरेलले निर्देशन दिए।

## 'संविधान संशोधन आवश्यक छ'

**पोखरापत्र संवाददाता**
पोखरा, ९ फागुन

नेपाली कांग्रेसकी केन्द्रीय सदस्य एवं पार्टीको पेसागत तथा वुद्धिजीवी विभाग प्रमुख डा डिला सङ्ग्रौलाले वर्तमान संविधान संशोधन गर्न आवश्यक भएको बताउनुभएको छ।

नेपाली कांग्रेस गण्डकी प्रदेशद्वारा शुक्रबार पोखरामा आयोजना गरिने 'संविधान संशोधन : आवश्यकता र चुनौती' विषयक गण्डकी प्रदेशस्तरीय अन्तरक्रिया कर्यक्रमबारे जानकारी दिन आज यहाँ आयोजित पत्रकार सम्मेलनमा नेता डा सङ्ग्रौलाले वर्तमान निर्वाचन प्रणालीबाट कुनै पार्टीको बहुमत नआउने र

बाँकी अन्तिम पृष्ठमा ▶▶

सुपथ मूल्यमा आकर्षक छपाइ

पुस्तक, स्मारिका, ब्रोसर, क्यालेण्डर, निमन्त्रणा कार्ड, बिल, रसिद, पोष्टर,पम्प्लेट, भिजिटिङ्ग कार्ड आदि छपाईसम्बन्धी कामका लागि हामीलाई सम्झनुहोस् ।
हिमालय अफसेट प्रेस
नयाँबजार, पोखरा
फोन नं. : ०६१-५७०६५१

# नयाँ वर्षको स्वागतका लागि फेवा महोत्सवको तयारी

पोखरापत्र संवाददाता
पोखरा, ९ फागुन

नयाँ बर्षको स्वागतका लागि २० औं पटक आयोजना गर्न लागिएको फेवा नव बर्ष महोत्सवको तयारी अगाडि बढाइएको छ । होटल संघ पोखरा नेपालले आगामी चैत ३० देखि वैशाख १ गते सम्म स्थानीय लेकसाइडमा यो महोत्सव आयोजना गर्न लागेको हो ।



महोत्सवलाई व्यवस्थित र सफल बनाउन विभिन्न उपसमितिहरु गठन गरी काम अगाडि बढाइएको महोत्सवका संयोजक एवं होटल संघ पोखरा नेपालका अध्यक्ष लक्ष्मण सुवेदीले जानकारी दिए। अंग्रेजी नयाँ बर्ष जस्तै नेपाली नयाँ बर्षलाई पनि उत्तिकै महत्व दिएर मनाउने र नेपाली कला तथा संस्कृतिको संरक्षण र सम्वर्द्धन गर्ने उद्धेश्य महोत्सवले लिएको संयोजक सुवेदीले प्रष्ट्याए । देशविदेशका पर्यटलाई पोखरामा आकर्षित गर्ने र फेवा तालको संरक्षणमा सचेतना फैलाउने उद्धेश्य पनि महोत्सवले बोकेको उनले बताए ।

ड्यामसाइडदेखि गैराको चौतारा सम्मको तीन किलोमिटर भन्दा लामो क्षेत्रमा सडकमै यो महोत्सव आयोजना हुने छ । निःशुल्क प्रवेशको व्यवस्था महोत्सवमा हुने आयोजक समितिले जनाएको छ। विभिन्न खानाका परिकार, नेपाली मौलिक कला र संस्कृति झल्कने नाचगान, पर्यटकीय स्टलहरु र खेलकूदका कार्यक्रम समेत महोत्सवमा समेटिने छन् । महोत्सवका आगन्तुक र पोखरा आउने पाहुनाहरुलाई संघले प्रदान गर्ने विशेष छुटको घोषणा छिटै गरिने संघले स्पष्ट पारेको छ । पछिल्लो क्रममा स्तरोन्नती हुँदै गरेको पृथ्वी राजमार्गको धेरैजसो खण्डको यात्रा पनि सहज हुन थालेको जनाउँदै संयोजक सुवेदीले पाहुनाहरुलाई नेपाली नयाँ बर्ष मनाउन पोखरा आउन आव्हान गरे । निकट भविश्यमै पोखरा अन्तर्राष्ट्रिय विमानस्थलबाट समेत अन्य राष्ट्र जोड्ने गरी उडान हुने तयारी भइरहेको आफूहरुलाई जानकारी प्राप्त भएको बताउँदै सुवेदीले पोखराको पर्यटनप्रति आफूहरु आसावादी भएको सुनाए ।

महोत्सवलाई व्यवस्थित रुपमा अगाडि बढाउन आयोजक समितिले हालै पोखरामा एक कार्यक्रमको आयोजना गरी उपसमितिका संयोजकहरुको जिम्मेवारी बाँडफाँड समेत गरेको थियो । संघका प्रथम र द्वितीय उपाध्यक्ष क्रमशः दीपक श्रेष्ठ र गणेशराज पहारी महोत्सवको सहसंयोजकका रुपमा रहेका छन् । संघका अन्य पदाधिकारी र सदस्यहरुलाई पनि विभिन्न जिम्मेवारी प्रदान गरिएको छ । कोभिड १९ बाट नराम्रो गरी प्रभावित भएको पर्यटनलाई लयमा फर्काउन समेत महोत्सव सहयोगी हुने अपेक्षा गरिएको छ । महोत्सवको प्रचार तथा आन्तरिक पर्यटकलाई बढवा दिन संघले दुई दशक अघि देखि जाउँ है पोखरा अभियान समेत संचालन गर्दै आएको महोत्सवका सहसंयोजक गणेशराज पहारीले स्मरण गराए । यसैबिच संघले नेपाल पर्यटन बोर्ड गण्डकीको प्रमुखका रुपमा पोखरा आएका मणिराज लामिछानेलाई कार्यक्रममा स्वागत गरेको थियो। सो अवसरमा प्रमुख लामिछानेले गण्डकी प्रदेशको पर्यटन प्रवर्द्धनमा संघसँग हातेमालो गरेर अगाडि बढ्ने भनाई राखे ।

# रुख कटान सहित जनसरोकारका बिषयमा सरकारी निकाय थप गम्भीर र जबाफदेही बन्न जिसस कास्कीको आग्रह

पोखरापत्र संवाददाता
पोखरा, ९ फागुन



जिल्ला समन्वय समिति कास्कीका प्रमुख लिलाधर पौडेलले रुख कटान सहित जनसरोकारका बिषयमा सरकारी निकाय थप गम्भीर र जबाफदेहि बन्न आग्रह गर्नुभएको छ ।

सार्बजनिक सेवा प्रदायक सरकारी निकाय र कार्यालयहरू आफ्नो कर्तब्य र दायित्वबाट पन्छीएर उदासिन बनेको जन गुनासो बढेको भन्दै नियम कानुनको कडाइका साथ पालना गर्दै कार्य सम्पादन गर्नुको बिकल्प नरहेको उल्लेख गर्नुभयो । प्रमुख पौडेलले जुनसुकै निकाय होस यदि कानुन र नियमको बर्खिलापमा उत्रिएको सन्दर्भ क्षौम्य नहुने भन्दै कारबाहीको भागिदार हुनुपर्ने चेतावनी दिनुभयो । पौडेलले सो कुरा जिल्ला समन्वय समिति कास्कीले बिहीवार आयोजना गरेको पोखरा महानगरपालिकामा वर, पिपल र समिका रुख कटान सहित जनसरोकारका बिषयमा सरकारी निकायका प्रमुख तथा प्रतिनिधि सम्मिलित समन्वय बैठकमा सो कुरा बताउनु भएको हो। प्रमुख पौडेलले सरोकारवाला केही निकायहरू समन्वय बैठकमा अनुपस्थित हुँदा ती निकायहरू जनसरोकारका बिषयमा गैर जिम्मेवार र उदासिन रहेको थप पुष्टि गरेको जिकिर गर्दै यसले आफू र आफ्नो निकाय थप चिन्तित बनेको उल्लेख गर्नुभयो । कार्यक्रममा कास्कीस्थित केही स्थानिय र सरोकारवाला निकायका केही प्रतिनिधि सहित नागरिक समाजको समेत उपस्थिति रहेको जिल्ला समन्वय अधिकारी नवराज बराललले जानकारी दिनुभयो ।

# सार्वजनिक शिक्षा सुदृढीकरणमा गण्डकी प्रदेश सरकार प्रतिबद्ध : मन्त्री थापा

पोखरापत्र संवाददाता
पोखरा, ९ फागुन

गण्डकी प्रदेशका सामाजिक विकास, युवा तथा खेलकुद मन्त्री विन्दु कुमार थापाले गुणस्तरीय, समावेशी, प्रविधिमैत्री तथा व्यावसायिक शिक्षा प्रणाली निर्माण गर्न प्रदेश सरकार प्रतिबद्ध रहेको बताएका छन् ।

विहिबार पोखरामा एनसिई नेपालद्वारा आयोजित "गण्डकी प्रदेश स्तरीय सार्वजनिक शिक्षा सम्मेलन २०८१" लाई सम्बोधन गर्दै मन्त्री थापाले शिक्षा सुधारका लागि नीति निर्माण मात्र नभई प्रभावकारी कार्यान्वयन आवश्यक रहेको उल्लेख गरे । उनले प्रदेशभर सार्वजनिक शिक्षाका अवसर, चुनौती तथा आवश्यक रणनीतिबारे गहन छलफल गरिएको जानकारी दिए । "शिक्षा कुनै एक संस्था वा निकायको मात्र दायित्व होइन, यो सरकार, सरोकारवाला निकाय, शिक्षाविद्, शिक्षक, विद्यार्थी तथा अभिभावक सबैको साझा प्रयासको परिणाम हो। सार्वजनिक शिक्षालाई सुदृढ गर्न यस्ता बहस र विचार-विमर्श अत्यन्त आवश्यक छन्", उनले भने । गुणस्तरीय शिक्षाका लागि गण्डकी प्रदेश सरकारले प्रभावकारी नीति तथा कार्यक्रममार्फत सुधार ल्याउने योजना अघि बढाइरहेको उनले उल्लेख गरे । "सबै बालबालिकाले समान अवसरसहित शिक्षाको पहुँच प्राप्त गर्ने वातावरण सिर्जना गर्नु हाम्रो प्रमुख लक्ष्य हो", उनले थपे । मन्त्री थापाले शिक्षा क्षेत्रमा सुधार ल्याउन सरकार, शिक्षा क्षेत्रमा क्रियाशील संघसंस्था, शिक्षक, विद्यार्थी, अभिभावक तथा समुदायको सहकार्य आवश्यक रहेकोमा जोड दिए । उनले यस्ता सम्मेलनहरूले नीति निर्माण र कार्यान्वयनमा प्रभावकारी योगदान पुऱ्याउने विश्वास व्यक्त गर्दै सम्मेलन सफल बनाउन भूमिका खेलेका सम्पूर्ण सहभागी, आयोजक संस्था तथा सरोकारवालालाई धन्यवाद ज्ञापन गरेका छन् ।

# 'जनताको चाहना सुशासन र समृद्धि'

पोखरापत्र संवाददाता
पोखरा, ९ फागुन

राष्ट्रिय प्रजातन्त्र पार्टीका अध्यक्ष राजेन्द्र लिङ्देनले नेपाली जनताको चाहना सुशासन र समृद्धि भएको बताउनुभएको छ ।




समृद्धिको चाहना पूरा नभएकै कारण जनतामा राजनीतिक वितृष्णा पैदा भएको उहाँको भनाइ छ । राष्ट्रिय प्रजातन्त्र पार्टी गण्डकी प्रदेशद्वारा शुक्रबार पोखरामा आयोजित सभालाई सम्बोधन गर्दै अध्यक्ष लिङ्देनले साढे तीन दशकमा पनि विकासले गति लिन नसक्नुमा ठूला राजनीतिक दलहरूको कमजोरी भएको आरोप लगाउनुभयो ।

राप्रपाका केन्द्रीय उपाध्यक्ष रवीन्द्र मिश्रले भावी पुस्ताको भविष्यका लागि दलहरूले सोच्न आवश्यक भएको बताउँदै सुन्दर देश नेपालको विकासमा ध्यान दिन जरूरी भएको बताउनुभयो ।

पार्टीका प्रवक्ता ज्ञानेन्द्र शाहीले देशमा सुशासनको खाँचो रहेको उल्लेख गर्दै त्यसतर्फ सबैले ध्यान दिनुपर्नेमा जोड दिनुभयो ।

**ECHS Polyclinic**
**Embassy of India**
**Pension Paying Office**
**Rambazar, Pokhara (Nepal)**

**INVITING BIDS FOR PROVIDING AND LAYING OF VITRIFIED MONOLITHIC TILES AT ECHS POLYCLINIC POKHARA**

1. Sealed tender documents/quotations are invited directly from reputed bidders for providing and laying of vitrified monolithic tiles (600 x 600mm) in Rooms 3A, 3B, 3C. Total Sqft 440.

2. The last date of receipt of offer in sealed envelope is on or before 03 Mar 2025 up to 1430 hrs. The bid documents be collected from ECHS Polyclinic, Embassy of India, PPO, Pokhara.

**OIC ECHS Polyclinic**
**Embassy of India**
**Pension Paying Office**
**Rambazar, Pokhara (Nepal)**
**Tele No: 061-433232**

## एक-अर्काको ...

भूषिता वशिष्ठ, समाजसेवालाई आफ्नो कर्म बनाएका डा. भगवान कोइरालादेखि म्यागी डोएनसम्मका व्यक्तित्वहरूका प्रेरणादायी संवाद फेस्टिभलमा रहनेछन् । म्यागी अमेरिकन समाजसेवी हुनु हुन्छ ।

सिर्जनाको अर्को विधा चित्रकला सधैं फेस्टिभलको आकर्षण बन्दै आएको छ। यस संस्करणमा परम्परागत पौभा चित्रका विश्व प्रसिद्ध कलाकार लोक चित्रकारका चित्र प्रदर्शनीमा राखिनेछन् । उहाँका चित्रले फेस्टिभलमा विशेष रङ थप्ने आयोजकले दाबी गरेको छ । सधैं जस्तै यसपटक पनि शब्दसँगै सङ्गीतको तालमा मनोरन्जन समेत गराइने भएको छ ।

परम्परागत धुनदेखि पपसम्म वा यी दुवै विधाका सङ्गीतको मिश्रणले फेस्टिभलका साँझहरूलाई सङ्गीतमय बनाउने भएको हो । फेस्टिभलमा वरिष्ठ वामपन्थी नेता एवम् नेकपा मसालका महामन्त्री मोहनविक्रम सिंहद्वारा लिखित उपन्यास 'कामरेड जलजला'माथि विमर्श हुने भएको छ भने उमेरले ८९ पुग्नु भएको सिंहको यो उपन्यास नेपालमा प्रकाशित सबैभन्दा ठूलो पुस्तक भएको बताइन्छ ।

साहित्य, शिक्षा अनि पठन संस्कृतिका लागि उमेर हद नहुने भन्दै सदस्य लामिछानेले नेपाल लिटरेचर फेस्टिभल बालबालिका तथा किशोर-किशोरीका विचार, रचना, कला र भावना अभिव्यक्तिको सशक्त माध्यम बन्दै आएको दाबी गर्नुभयो । यस पटक पनि फेस्टिभलमा विद्यार्थीहरूसँग पुस्तक, कथा, कविता अनि समग्रमा पठन संस्कृतिका कुरा हुने छ ।

सुरुवातदेखि नै फेस्टिभलले अग्रज तथा समकालीन लेखकहरूको साथ सहयोग पाएको फेस्टिभलका कार्यकारी निर्देशक नीरज भारी बताउनु हुन्छ । विद्यालय तहबाटै साहित्यलाई पाठ्यक्रमको अंश बनाउनेदेखि नयाँ पठन संस्कृति विकासमा शिक्षक, अभिभावक तथा अन्य निकायहरूको भूमिकाबारे झकझकाउने आफुहरुको प्रयास निरन्तर हुने उहाँले जनाउनु भयो ।

विश्वप्रसिद्ध भारतीय लेखक शशि थरूरको पुस्तक 'ह्वाई आई एम अ हिन्दू'को नेपाली संस्करण लोकार्पणसँगै फेस्टिभलको साझ हुनेछ । भारतीय राजनीति, इतिहास र अन्तर्राष्ट्रिय सम्बन्धका विश्लेषक तथा चर्चित लेखक थरूरका कैयौं पुस्तकले विश्वव्यापी चर्चा पाएका छन् । एनसेल फाउन्डेसन प्रमुख प्रस्तुतकर्ता रहेको फेस्टिभललाई बुध्द एयरले सम्वर्द्धन गरेको छ । पोखरा महानगरपालिका प्रवर्द्धक रहेको फेस्टिभलमा गण्डकी प्रदेश सरकार सहप्रवर्द्धक छ। त्यस्तै उप-प्रवर्द्धकका रूपमा नेपाल पर्यटन बोर्ड, कृषि विकास बैङ्क, ग्लोबल आइएमई बैङ्क र प्रभु बैङ्कले आयोजकलाई साथ दिनेछन् ।

एनसेलकी इन्टेरिम मार्केटिङ, कम्युनिकेसन एन्ड सस्टेनेबिलिटी डाइसेक्टर विशाखा लक्ष्मी खड्काले सञ्चार र प्रविधिबाहेक कला र साहित्यका माध्यमबाट सबैलाई जोड्न कम्पनीको व्यावसायिक सामाजिक जिम्मेवारी अन्तर्गत एनसेल फाउन्डेसन मार्फत यस उत्सवसँग आबद्ध हुन पाएकोमा खुसी व्यक्त गर्नुभयो । एक दशकपछि पुनः सहकार्य गर्ने अबस्था आएको बताउदै उहाँले आगामी दिनमा उक्त सहकर्यालाई निरन्तरता दिने जनाउनुभयो ।

## संविधान ...

जनताको चाहना पूरा गर्न सक्ने अवस्था नभएकै कारण संविधान संशोधनमार्फत निर्वाचन प्रणाली लगायतका समस्या समाधान गर्नेतर्फ कांग्रेस अगाडि बढ्ने बताउनुभयो । गणतन्त्रपछि पनि नेपाली जनताका चाहना पूरा गर्न नसकिएको स्वीकार गर्दै नेता डा सङ्ग्रौलाले प्रदेश सरकारको औचित्यका बारेमा पनि नागरिकस्तरबाट कुरा उठ्न थालेको बताउनुभयो । नेपाली जनताका चाहनालाई पूरा गर्न ठूला राजनीतिक दलले संविधान संशोधन गरेर भए पनि अगाडि बढ्नुपर्नेमा उहाँले जोड दिनुभयो । संविधान संशोधन गरेर भए पनि जनतालाई सुशासन दिने काममा कांग्रेस जुटेको उहाँले बताउनुभयो । नेता डा सङ्ग्रौलाले यस क्षेत्रका कांग्रेसका विभिन्न पेसागत सङ्गठनका प्रतिनिधिहरूको उपस्थितिमा संविधान संशोधनसम्बन्धी दुई कार्यपत्र प्रस्तुत गर्नुका साथै कार्यपत्रमाथि छलफल हुने जानकारी दिनुभयो ।

सो अवसरमा नेपाली कांग्रेस गण्डकी प्रदेशका सभापति शुक्रराज शर्माले संविधान संशोधनमार्फत देशलाई अगाडि बढाउन जरुरी रहेको बताउनुभयो ।




फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्धसम्पादकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

# श्री शीतला माविको ६७ औं वार्षिकोत्सव तथा अभिभावक दिवस सम्पन्न

**पोखरापत्र संवाददाता**
दमौली, ९ फागुन

श्री शीतला माध्यमिक विद्यालय फेदीखोला-४, गलेम, स्याङ्जाको ६७ औं वार्षिकोत्सव तथा अभिभावक दिवस भव्य रूपमा सम्पन्न भएको छ। यो विशेष अवसरमा, विद्यालयले शिक्षा, संस्कृतिका साथै सामाजिक कार्यमा आफ्नो योगदान प्रदान गर्नेहरुलाई सम्मान गरेको थियो।

कार्यक्रममा विभिन्न क्षेत्रका विशिष्ट व्यक्तित्वहरूलाई निमन्त्रणा गरिएको थियो। कार्यक्रममा प्रमुख अतिथिका रूपमा उपस्थित भएका फेदीखोला गाउँपालिकाका अध्यक्ष घनश्याम सुवेदीले विद्यालयको ६७ वर्षको यात्रा र यसको निरन्तर प्रगतिको प्रशंसा गरेका थिए। उनले भने, "विद्यालयले केवल विद्या प्रदान गर्ने मात्र होइन, यहाँको वातावरणले विद्यार्थीहरूलाई नैतिकता र सामाजिक जिम्मेवारीको महत्व पनि सिकाउँदै आएको छ र सिकाई रहने छ।"



साथै विद्यालयको लागि आवश्यक पर्ने सहयोग गाउँपालिकाद्वारा प्रदान हुने पनि प्रतिवद्धता गरेका थिए। यस वर्षको वार्षिकोत्सव विशेषतः 'अतीत, वर्तमान र भविष्य' भन्ने शीर्षकबाट सुरुवात भएको थियो, जसमा आ.व. २०८०/०८१ मा भएका कार्यक्रम तथा प्रगति विवरण विद्यालयका प्रधानाध्यापकले प्रस्तुत गरेका थिए। कार्यक्रममा विद्यालयका बिद्यार्थीहरूले विशेष सांस्कृतिक कार्यक्रमको आयोजना गरेका थिए, जसमा विभिन्न नृत्य, गायन जस्ता सांस्कृतिक सामग्रीहरु प्रस्तुत गरेका थिए। उपस्थित सबैले विद्यार्थीहरूको कला र प्रतिभा देखेर प्रशंसा गरेका थिए। कार्यक्रमको एक महत्वपूर्ण भागमा विशेष सम्मान समारोह आयोजना गरिएको थियो।

यस समारोहमा शिक्षा क्षेत्रमा र विद्यालयका लागि अमूल्य योगदान प्रदान गर्ने शिक्षक, शिक्षिक तथा शिक्षा प्रेमी महानुभावहरुलाई सम्मानित गरिएको थियो। कार्यक्रमका सभाध्यक्षका रुपमा रहेका विद्यालय व्यवस्थापनका अध्यक्ष मेजर दिल बहादुर गुरुङ एम.भि.ओ.ले विद्यालयका सबै बिद्यार्थीहरू, शिक्षक र अभिभावकलाई धन्यवाद दिँदै, भविष्यमा विद्यालयको भविष्यको बारेमा कुरा गरे। उनले भने, "हाम्रा विद्यार्थीहरूले विद्यालयको गर्वलाई बढाउँदै जानेछन्। हरेक बिद्यार्थीलाई सीपयुक्त र जिम्मेवार नागरिक बनाउने उद्देश्यमा विद्यालय निरन्तर लागिरहेको छ।" साथै विभिन्न कारणवश गाउँबाट शहर तिर बसाइसराई हुने क्रम बढ्दै जाँदा हाल विद्यालयमा विद्यार्थी संख्या घट्दै गएकोमा दुःख व्यक्त गरेका थिए र गाउँमै विभिन्न सेवा सुविधाको विकास गर्न सके गाउँघरका सामुदायिक विद्यालयहरुमा विद्यार्थी संख्या कहिले पनि नघट्ने र गाउँका साना-साना नानि-बाबुहरुले राम्रो शिक्षा पाउने बताए।

विद्यालयलाई सफल बनाउनका लागि समुदायका सम्पूर्णबाट सक्रिय सहयोग र समर्थन आवश्यक रहेको र यस अवसरमा, विद्यालयले आफ्नो संरचना र शिक्षण विधिमा सुधारका लागि, बिद्यार्थीहरूको मानसिक र भौतिक विकासमा फेदीखोला गाउँपालिकाले सहयोग गर्ने प्रमुख अतिथि घनश्याम सुवेदीले प्रतिज्ञा गरेका थिए। कार्यक्रममा विशेष अतिथिको रुपमा ख्यामनारायण पौडेल, नविन थापा, मेजर नरकाजी गुरुङ रहेको थिए।

# पिसिएमको ग्राजुएसन समारोह सम्पन्न



**पोखरापत्र संवाददाता**
पोखरा, ९ फागुन

पोखरा नदीपुर स्थित पोखरा कलेज अफ म्यानेजमेन्ट (पिसिएम) बाट स्नातक तहमा दीक्षित विद्यार्थीहरूको ग्राजुएसन समारोह भएको छ।

समारोहमा बीबीए र बीसीआइएस विषय अध्ययनरत कलेजका ७१ विद्यार्थीलाई कलेजले सम्मान गरेको थियो। कार्यक्रमका प्रमुख अतिथि पोखरा विश्वविद्यालय व्यवस्थापन संकायका डिन डा. दयाराज ढकालले विद्यार्थीले ठूलो र सकारात्मक सोच राख्दा जीवनमा ठूलो अवसर प्राप्त हुने र जीवन सुखमय बन्ने बताए। उनले गुणस्तरीय विद्यार्थी उत्पादन गर्ने यो यात्रा थप उचाइमा लैजान कलेजले निरन्तरता दिने विश्वास व्यक्त गरे। कार्यक्रमका विशेष अतिथि पोखरा विश्वविद्यालयका परीक्षा नियन्त्रक तुलसीराम भण्डारीले विद्यार्थीहरूलाई सीप विकास गर्न तथा देशमै बसेर अवसरहरूको अधिकतम फाइदा उठाउन प्रेरित गरे। क्याम्पस सञ्चालक समिति सदस्य बिनोद कायस्थको अध्यक्षतामा भएको कार्यक्रमको सञ्चालन उपप्राचार्य दीपेन्द्र पहारीले गरेका थिए। कार्यक्रममा विभिन्न विषय अध्ययनरत विद्यार्थीलाई प्रमाणपत्र प्रदान गरिएको थियो। साथै, उत्कृष्ट श्रेणीमा उत्तीर्ण विद्यार्थीहरूलाई विशेष सम्मान गरिएको थियो। विद्यार्थी प्रविना सुवेदीले लक्ष्मी विद्या पदक प्राप्त गरेकोमा विशेष सम्मान गरिएको थियो। डिन लिस्टका विद्यार्थीहरू बीबीएका मञ्जिल श्रेष्ठ, अञ्जिला सुवेदी, पूजा सिग्देल, सारा गुरुङ, गरिमा काफ्ले, निशिका श्रेष्ठ, लुना सापकोटा, यज्जु शक्य र बीसीआइएसका श्रद्धा श्रेष्ठलाई पनि विशेष सम्मान गरिएको थियो। कलेजले हालसम्म १८ ब्याच विद्यार्थी उत्पादन गरिसकेको छ। १ हजार ९ सयभन्दा बढी विद्यार्थी उत्पादन गरिसकेको कलेजले १ सय बढी डिन लिस्ट र १ दर्जन उपाधिप्राप्त पदक तथा सात जनाले विशेष पदक प्राप्त गरिसकेको कलेजका प्राचार्य लिना नेगी श्रेष्ठले बताइन्।

विद्यार्थीका तर्फबाट बोल्दै अञ्जिला सुवेदीले कलेजमा बिताएका आफ्ना सम्झनाहरू स्मरण गर्दै विद्यार्थीहरूलाई बधाई तथा शुभकामना र कलेज परिवारलाई धन्यवाद व्यक्त गरिन्।

# घान्द्रुक पर्यटन महोत्सवः घोडा दौड प्रतियोगितामा विवेक पुन विजयी

**पोखरापत्र संवाददाता**
पोखरा, ९ फागुन

कास्कीको अन्नपूर्ण गाउँपालिका-१०/११ स्थित घान्द्रुकमा आयोजित घान्द्रुक पर्यटन महोत्सवमा भएको घोडा दौड प्रतियोगितामा विवेक पुन प्रथम भएका छन्।

घान्द्रुक पर्यटन व्यवस्थापन समितिले आयोजना गरेको घान्द्रुक पर्यटन महोत्सवमा आयोजित घोडा दौड प्रतियोगितामा विवेक पुन प्रथम, अविशेक गुरुङ द्धितिय र देवेन्द्र सिर्पाली तृतीय भए।

उनीहरुले क्रमशः प्रथम हुनेले ६० हजार, दोस्रो हुनेले ४० हजार, तेस्रो हुनेले २० हजार पुरस्कार प्राप्त गरे। यस्तै सान्तवना भएका हितमान गुरुङ र कञ्जु गुरुङले जनही ५/५ हजार रुपैयाँ पुरस्कार प्राप्त गरे। घोडा दौड प्रतियोगितामा ३३ जनाले सहभागिता जनाएका थिए।

यसैगरी शनिबार घान्द्रुक पर्यटन महोत्सवमा आयोजित क्लबस्तरीय पुरुष भलिबलको प्रतियोगिताको उपाधिका लागि अन्नपूर्ण युथ क्लब र पोखरा भलिबल प्रशिक्षण केन्द्र भिड्ने महोत्सव संयोजक अमृत लामा गुरुङले जानकारी दिए।

यस्तै भेन्ट्रान्स भलिबलतर्फ किङ्स क्लब अफ पोखरा र अन्नपूर्ण घोरेपानी घान्द्रुक जीप समिति उपाधिका लागि भिड्ने छन्।




भलिबलको दुवै विधाको फाइनल खेल शनिबार हुने महोत्सव संयोजक गुरुङले जानकारी दिए। यस्तै बास्केटबलतर्फ सेमिफाइनल समिकरण पूरा भएको छ। पहिलो सेमिफाइनल खेलमा मेश्रम युथ क्लब र टिम समाकुसी भिड्ने छन्। यस्तै दोस्रो सेमिफाइनल खेलमा गण्डकी प्रदेश र अन्नपूर्ण युथ क्लबबीच प्रतिस्पर्धा हुनेछ। महोत्सव संयोजक गुरुङका अनुसार क्लबस्तरीय भलिबल र खुल्ला बास्केटबल प्रतियोगिताको विजेताले क्रमशः १ लाख २२ हजार २ सय २२ र उपविजेताले ७७ हजार ७ सय ७७ रुपैयाँसहित ट्रफी मेडर र प्रमाणपत्र प्राप्त गर्नेछन्। यस्तै महोत्सवमा आयोजित भेन्ट्रान्स भलिबल प्रतियोगिताको बिजेताले नगद ३० हजार उपविजेता टिमले २० हजार रुपैयाँ पुरस्कार प्राप्त गर्नेछन्। महोत्सव भोलिसम्म सञ्चालन हुनेछ। कास्कीको अन्नपूर्ण गाउँपालिका १०/११ स्थित घान्द्रुकमा एकैदिन २ हजार ५ सय पर्यटकलाई राख्न सक्ने क्षमताको ६० वटा होटल र ३० वटा होमस्टे सञ्चालनमा रहेको घान्द्रुक पर्यटन व्यवस्थापन समितिका अध्यक्ष विक्रम गुरुङले जानकारी दिए। महोत्सव अवधिभर पर्यटकलाई २० प्रतिशत छुट दिइएको आयोजकले जनाएको छ।

पोखराबाट साढे २ घण्टाको सवारी यात्रामा पोखरा बागलुङसडकखण्डको नयाँपुल, विरेठाटीहुँदे घान्द्रुक पुग्न सकिन्छ। घान्द्रुकबाट भैसीखर्क-टाडापानी,वनठाटी, देउराली हुँदै म्याग्दीको घोडेपानी र घान्द्रुक हुँदै टाडापानी-इसरु, दोबाटो, मुल्डेहुँदै म्याग्दीको खोर्पा लेक र हिडन लेक जान सकिन्छ भने, घान्द्रुक,छोम्रोङ हुदै अन्नपूर्ण बेसक्यापसमेत जान सकिन्छ।

# 'विभेद अन्त्यका लागि अन्तरजातीय विवाह गर्ने जोडीलाई सम्मान'

**पोखरापत्र संवाददाता**
पर्वत, ९ फागुन

जातीय विभेद तथा छुवाछूत अन्त्यका लागि पर्वतमा अन्तरजातीय विवाह गर्ने जोडीलाई सम्मान गरिने भएको छ।

जलजला गाउँपालिकाले विसं २०७४ पछि हालसम्म अन्तरजातीय विवाह गरेका पालिकाभित्रका दम्पतीहरूलाई नगदसहित सम्मान गर्ने भएको हो। गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत प्रदीप पौडेलले दलित र गैरदलित समुदायबीच रहेको विभेदविरुद्ध सन्देश प्रवाह गर्न यस्ता दम्पतीलाई प्रोत्साहनस्वरूप नगदसहित सम्मान गर्न लागिएको जानकारी दिनुभयो। "अहिले पनि समाजमा जातीय विभेद, हिंसा, कुरीति, कुसंस्कार कायमै हुनु दुःखद कुरा हो। यस्ता कुप्रथा अन्त्य गरी समुन्नत, समावेशी एवं छुवाछूत मुक्त गाउँपालिका बनाउने उद्देश्यले यस्तो कार्यक्रम लागू गरिएको हो", उहाँले भन्नुभयो। गाउँपालिका अध्यक्ष राजु आचार्यले यस कार्यक्रमले समाजमा देखिएको जातीय छुवाछूत र विभेद अन्त्य गर्न योगदान पुग्ने विश्वास व्यक्त गर्नुभयो। गाउँपालिकाले बिहीबार सूचना जारी गर्दै २०७४ सालपछि विवाह गरेका दम्पतीहरूले १५ दिनभित्र पालिकामा निवेदन दिन वा सम्पर्कमा आउन आग्रह गरेको छ। पालिकामा दर्ता हुने आवेदनका आधारमा प्रोत्साहन रकमको व्यवस्था गरिने अध्यक्ष आचार्यले बताउनुभयो।

आर्थिक वर्ष २०८१/८२ को लक्षित वर्ग तर्फको स्वीकृत वार्षिक बजेट तथा कार्यक्रमअन्तर्गत जिल्लामै पहिलोपटक यस्तो कार्यक्रम गर्न लागिएको हो।


## धितोमा रहेको सम्पत्ति लिलाम बिक्री गर्ने सम्बन्धी १५ दिने अत्यन्त जरुरी सूचना

**(दोस्रो पटक प्रकाशित मिति २०८१/११/१०)**

यस कर्मशिल बचत तथा ऋण सहकारी संस्थामा तपसिलमा उल्लेखित ऋणीले यस संस्थाबाट उपभोग गर्नु भएको कर्जा रकम संस्थासँग गर्नुभएको कर्जा सम्झौता बमोजिम बुझाउनको लागी संस्थाबाट पटक पटक मौखिक/लिखित तर-ताकेता गर्दा तथा विभिन्न मितिमा कर्जा चुक्ता गर्न सार्वजनिक सूचना प्रकाशित गर्दा समेत सम्बन्धित ऋणीले ऋण तिर्ने तर्फ पूर्ण वेवास्ता गरी चुक्ता गर्ने तर्फ कुनै पहल नगरेको हुँदा यो लिलाम बिक्रीको सूचना प्रकाशित गरिएको छ। लिलाम हुने दिनसम्म उक्त कर्जाको सम्पूर्ण साँवा, व्याज तथा हर्जना लगायतका अन्य दैदस्तुर समेत तिरी बुझाई कर्जा चुक्ता भुक्तान गर्न गराउन सकिने व्यहोरा सम्वन्धित ऋणी सदस्यलाई यसै सूचना मार्फत जानाकारी गराईन्छ। उक्त म्यादभित्र समेत सो कर्जा भुक्तान नभएमा ऋणी लगायत सम्बद्ध सबैलाई प्रचलित ऐन कानुन बमोजिम हुने व्यहोरा जानाकारी गराउँदै कर्जा सुरक्षणको रुपमा संस्थालाई धितोबन्धक लेखिदिएको तपशिलमा उल्लेख भए बमोजिमका सम्पत्तिहरु जे जस्तो अवस्थामा छ सोही अवस्थामा प्रचलित ऐन, कानुनले दिएको अधिकार प्रयोग गरी तल उल्लेखित मिति, समय र स्थानमा निर्धारित समयावधि भित्र पेश हुन आएका बोल कबोल मूल्यहरु डाँक बढावढको माध्यमबाट लिलाम बिक्री गरिने भएकोले सो सम्पत्ती खरिद गरिलिन ईच्छुक महानुभावहरुको लागि यो सूचना प्रकाशित गरिएको छ। उक्त दिन उपस्थित हुन सम्बन्धित ऋणी, सुरक्षण धनी, ईच्छुक खरिदकर्ता तथा सम्बद्ध सबैमा अनुरोध छ। कुनै कारणवश तपशिलमा उल्लेखित सम्पत्ती लिलाम बिक्री नभएमा सो सम्पत्ती अन्य व्यवस्था गरी बेचविखन गर्न सक्ने वा प्रचलित कानुन बमोजिम संस्थाले सकार गरी लिनसक्ने र उक्त सम्पत्तीबाट संस्थाको सम्पूर्ण बक्यौता रकम असुल उपर नभएमा प्रचलित कानुन बमोजिम असुल उपर गर्न आवश्यक कारवाही अघि बढाईने व्यहोरा समेत जानकारी गराईन्छ।

तपसिल

| क्र.सं. | कर्जा शिर्षक | ऋणीको व्याक्तिगत विवरण | जमानी बस्नेको विवरण | धितो सुरक्षणमा रहेको सम्पत्तीको विवरण |
|---|---|---|---|---|
| १. | व्यक्तिगत कर्जा | नामः सिल कुमारी गुरुङ<br>बुबा/पतिको नामः जित बहादुर गुरुङ<br>बाजे/ससुराको नामः पत्लीमान गुरुङ<br>स्थायी ठेगानाः करापु-०३, लमजुङ<br>हालको ठेगानाः पोखरा-२७, कास्की<br>नागरिकता प्र.प. नं.: २१७६<br>जारी मिति र जिल्लाः २०४५/०१/१७ लमजुङ | नामः मोहन गुरुङ<br>बुबा/पतिको नामः पेच बहादुर गुरुङ<br>बाजे/ससुराको नामः मोतिलाल गुरुङ<br>ठेगानाः पोखरा-२७, कास्की | साविक कास्की जिल्ला अर्घौ-०८, हाल पोखरा २७, कास्की कित्ता नं.३५४५ क्षेत्रफल ०-४-१-१ (१३७।१० व.मि.) को जग्गा। |
| २. | घर जग्गा कर्जा | नामः शिवजी सुनार<br>बुबा/पतिको नामः मन बहादुर सुनार<br>बाजे/ससुराको नामः भुवन सिं<br>स्थायी ठेगानाः अर्मला-०१, कास्की<br>हालको ठेगानाः पोखरा-१६, कास्की<br>नागरिकता प्र.प. नं.: ४६१०१४/१२२६<br>जारी मिति र जिल्लाः २०६९/०१/२७ कास्की | नामः मन बहादुर सुनार<br>बुबा/पतिको नामः भुवन सिं सुनार<br>बाजे/ससुराको नामः जर सिं सुनार<br>ठेगानाः पोखरा-१६, कास्की<br>नामः भोज बहादुर सुनार<br>बुबा/पतिको नामः भुवन सिं सुनार<br>बाजे/ससुराको नामः जर सिं सुनार<br>ठेगानाः पोखरा-१६, कास्की | साविक कास्की जिल्ला गर्लाङ छहरेपानी-०२, हाल पोखरा १६, कास्की कित्ता नं. १४०१ क्षेत्रफल ७-३-०-० (३६५६.५५ व. मि.) र कित्ता नं. १४०२ क्षेत्रफल २-०-०-० (१०१७.४८ व.मि.) को जग्गा। |

**लिलाम डाँक बढाबढ हुने मिति, समय र स्थान :**

मिति : २०८१ फागुन २५ गते, आइतवार
समय : दिनको ३:०० बजे।
स्थान : संस्थाको कार्यालाय, पोखरा-०८, सभागृहचोक।

**धितो लेखिदिने तथा व्याक्तिगत जमानी दिनेलाई सूचनाः**

उपरोक्त व्यहोरा अवगतार्थ अनुरोध गर्दै प्रकाशित सूचनाको म्यादभित्र शिघ्र कर्जा भुक्तान गरी, गराई आफ्नो सम्पत्तीको उचित संरक्षण गर्नुहुन समेत यसै सूचना मार्फत जानाकारी गराईन्छ। उल्लेखित दिन धितो लिलाम बिक्रीको कार्य हुने भएकोले लिलाम हुँदाको दिन लिलामबाट कायम हुने धितो मूल्य घटी वा बढी हुने प्रक्रियामा समेत धितो धनीलाई उपस्थित हुन सूचित गरिएको छ। धितो लेखिदिएको सम्पत्ती लिलाम बिक्री गरी वा संस्था आफैले सकार गर्दा समेत साविकमा संस्थाबाट भएको मूल्याङ्कन भन्दा कम मूल्यमा लिलाम बिक्री भएमा वा संस्था आँफैले सकार गर्दा समेत साविकमा संस्थाबाट भएको मूल्याङ्कन भन्दा कम मूल्यमा लिलाम बिक्री भएमा पछि मेरो, हाम्रो सम्पत्तीको उचित मूल्य प्राप्त नभई कम मूल्यमा लिलाम बिक्री भयो वा संस्था आँफैले सकार गरिलियो भनी कहिँ कतै उजुर बाजुर गर्न पाउनु हुनेछैन। साथै धितो लिलाम बिक्री सम्बन्धी अन्य शर्तहरु बोलपत्र फारममा उल्लेख भए बमोजिम हुनेछन्।

**विस्तृत जानकारीको लागि**
**कर्मशिल बचत तथा ऋण सहकारी संस्था लि.**
**पोखरा ८, सभागृहचोक**
**फोन नं.: ०६१-५८०७९६, ५४४७९५**